# हरिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हरिनगरा, सुनसरी
### कोशी प्रदेश, नेपाल

### करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८३/०२/२२**

यस कार्यालयको व्याकोहो लोडर (हेभी सवारी) संचालनको तपसिल बमोजिमको पदमा सेवा करारमा कर्मचारी पदपुर्ति गर्नु पर्ने भएकोले आवश्यक योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा रितपुर्वकको दरखास्त पेश गर्न हुन यो दरखास्त आह्वान गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

| क्र. स. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०८२/०८३ | हेभी सवारी चालक | सहायक प्रथम/आधारभूत तह | १ (एक) जना |

**(१) आवश्यक न्युन्तम शैक्षिक तथा अन्य योग्यता :**

(क) नेपाली नागरिक भएको ।

(ख) साधारण लेखपढ गर्न सक्ने ।

(ग) सम्बन्धित निकायबाट व्याकोहो लोडर (हेभी सवारी) सवारी चालक अनुमति पत्र प्राप्त गरी नविकरण भएको हुनु पर्नेछ ।

(घ) निरोगिताको प्रमाणपत्र ।

(ङ) शारीरिकरुपमा तन्दरुस्त रहेको ।

(च) अन्य प्रचलित कानून द्वारा अयोग्य नठहरिएको ।

(२) **उमेद्‌वारको उमेर हद :** दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

(३) **परिक्षाको किसिम :** प्रारम्भिक सूचिकरण, प्रयोगात्मक परीक्षा र अन्तवार्ता ।

(४) **दरखास्त बुझाउने स्थान :** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा, हरिनगरा, सुनसरी ।

(५) **दरखास्त दस्तुर बुझाउने स्थान :** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय, राजस्व शाखा, हरिनगरा, सुनसरी ।

(६) **दरखास्त दिने अन्तिम मिति :** २०८३/०३/०५ गते र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय सम्म ।

(७) **दरखास्त फारम दस्तुर :** रु.५००।- (पाँच सय मात्र) ।

(८) **पारिश्रमिक तथा अन्य सुविधा :** कार्यालयले करार सम्झौतामा तोके बमोजिम हुनेछ ।

(९) **कामगर्नु पर्ने अवधि :** आ.व.२०८२/०८३ का लागि हुनेछ । सो पश्चात कार्यालयको आवश्यकता र उमेद्‌वारको कार्य सम्पादन क्षमताका आधारमा सम्झौता अवधि थप हुन सक्नेछ । तर यही करार नियुक्तिको आधारमा पछि अस्थायी वा स्थायी नोकरीका लागि कुनै किसिमको आधार वा दावी लाग्ने छैन ।

(१०) **परीक्षा मिति :** सम्पर्क मितिमा तोकिने छ ।

(११) **सम्पर्क मिति :** २०८३/०३/०८

(१२) **दरखास्त फाराम पाइने स्थान :** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय प्रशासन शाखा हरिनगरा, सुनसरी वा हरिनगर गाउँपालिकाको वेबसाइट www.harinagaramun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

(१३) **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु:** नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि, सवारी चालक अनुमति पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र, हालसालै खिचेको पासपोर्ट साइजको फोटो तथा कार्य अनुभव सम्बन्धि कागजातको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(१४) अन्य थप जानकारीका लागि कार्यालय समयमा प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत